# १२ औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव
# र
# नवीकरणीय ऊर्जा सप्ताह-२०७०

माघ २३-२७

आयोजक

नेपाल घरेलु तथा साना उद्योग महासंघ
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

सह-आयोजक

लघु, घरेलु तथा साना उद्योग विकास कोष
दिगो निर्माणका अभ्यास परियोजना
राष्ट्रिय लघु उद्यमी महासंघ
नेपाल सौर्य विद्युत उत्पादक संघ (SEMAN)

नेदरल्याण्ड विकास नियोग (SNV)
एसियाली विकास वैक (ADB)
अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (ICIMOD)

सहयोगी

उद्योग मन्त्रालय
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
बाणिज्य तथा आपूर्ति मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
घरेलु तथा साना उद्योग विकास समिति
नेपाल सौर्य विद्युत उत्पादक संघ (SEMAN)
नेपाल लघु जलशक्ति विकास संस्था (NMHDA)
नेपाल वायोग्यास प्रवर्द्धन संघ (NBPA)
ग्रामिण प्रविधि उत्पादक संघ (RUTPAN)
नेपाल सौर्य ताप ऊर्जा विकास संघ (ASTED)
क्षेत्रीय उत्कृष्टता केन्द – लघु जलविद्युत, (RCEMH)

स्थान

## भृकुटीमण्डप, प्रदशनिमार्ग, काठमाडौं
## नेपाल

## पृष्ठभूमि

**"नेपाली वस्तु प्रयोग गरौं ! नेपाली भएकोमा गर्व गरौं !!"** तथा **"मेहनत, सृजना, उत्पादन र वस्तु मेरै नेपालको"** भन्ने मूल नाराका साथ **१२औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव-२०७०** र **'हरित औद्योगिक विकासका लागि नवीकरणीय ऊर्जा'** **(Renewable Energy for Green Industrial Development)** भन्ने नाराका साथ **नवीकरणीय ऊर्जा प्रदर्शनी २०७०** माघ २३ देखि २७ गतेसम्म भृकुटीमण्डप, प्रदशनिमार्ग, काठमाडौंमा आयोजना हुँदैछ । नेपाल घरेलु तथा साना उद्योग महासंघ र नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले संयुक्त रुपमा **"१२ औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव" र नवीकरणीय ऊर्जा सप्ताह-२०७०** अन्तर्गतको **"नविकरणीय ऊर्जा प्रदर्शनी"** आयोजना गर्न लागेको हो । लघु, घरेलु तथा साना उद्योगहरुको पर्वको रुपमा स्थापित भइसकेको यो औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवमा नवीकरणीय ऊर्जा प्रदर्शनी समेतको समावेश हुन गएकोले यस पटक नवीकरणीय ऊर्जा प्रविधि लगायत सबै स्तरका औद्योगिक उत्पादनहरुलाई समेटी यो महोत्सव हुन गइरहेको छ । देशभित्रका सबै प्रकारका उत्पादनमूलक उद्योगका अलावा कृषि, बनपैदावार, हस्तकला, सौर्य ऊर्जा, वायोग्यास, लघु तथा साना जलविद्युत, वायु ऊर्जा, जैविक ऊर्जा जस्ता प्रविधिहरुका साथै यस्ता प्रविधिमा अध्ययन एवं अनुसन्धान लगायत अन्य कार्य गर्ने कम्पनी तथा संघ संस्था, वैक तथा वित्तिय संस्था, नवीकरणीय ऊर्जा र उपयुक्त प्रविधि लगायत लघु, घरेलु तथा साना र राष्ट्रिय उद्योगका उत्पादनहरुको प्रदर्शनीका साथमा विविधसाँस्कृतिक कार्यक्रम तथा खाद्य महोत्सव समेत समावेश गरिने छ । साथै नवीकरणीय ऊर्जा सप्ताहका विभिन्न कार्यकमहरु माघ २९ गते सम्म नै संचालन हुनेछन् । नवीकरणीय ऊर्जा सप्ताह-२०७० काठमाण्डौंमा नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रदर्शनी, फोटो प्रतियोगिता, अन्तक्रिया र विभिन्न प्रतिस्पर्धात्मक कार्यक्रमहरुका साथै देशैभर नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रदर्शनी, र्‍याली, अन्तक्रिया कार्यकम लगायत विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

यसैगरी औद्योगिक व्यापार मेलाबाट परम्परागत नेपाली कला र सँस्कृतिसँग सम्बन्धित उत्पादन तथा राष्ट्रिय उद्योगबाट उत्पादित वस्तुहरुसँग अवलोकनकर्ताहरु परिचित हुने सुअवसर प्राप्त गर्नुका अलावा विक्रेता तथा उपभोक्ताहरुले उत्पादक र उद्यमीहरुसँग प्रत्यक्ष रुपमा अन्तरकृया र सम्पर्क राख्ने मौका पाउने छन् । औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवमा सवै भौगोलिक क्षेत्र र जनजातिबाट निर्मित बस्तुहरु प्रदर्शनीमा राखिने हुँदा महोत्सवका पाँच दिन सिङ्गो नेपाललाई भृकुटीमण्डपमा अवलोकन गर्न सकिनेछ । यस प्रकारको कार्यक्रमवाट नवीकरणीय ऊर्जाको प्रयोगबाट लघु, घरेलु तथा साना उद्योग व्यवसायको विकास तथा प्रवर्द्धनमा समेत योगदान पुग्ने अपेक्षा राखिएको छ ।

## **उद्देश्य**

नेपाल घरेलु तथा साना उद्योग महासंघको अगुवाइमा औद्योगिक क्षेत्रका प्राय सबै नजी क्षेत्रका छाता संस्थाहरुको संलग्नतामा नेपाल सरकारले सार्वजनिक खरिदमा सम्भव भएसम्म नेपाली उत्पादनको प्रयोगलाई अनिवार्य गर्न निर्देशिकाको मस्यौदा तर्जुमा गरिरहेको सन्दर्भमा यस राष्ट्रिय औद्योगिक व्यापार मेलामा मुलुकभरका सबै स्तरका उद्योगहरुको औद्योगिक उत्पादनलाई प्रदर्शित गरी स्वदेशी वस्तु खरिद निर्देशिकामा सूचिकृत गराउन पहल गर्नु यस महोत्सवको मुख्य उद्देश्य रहनेछ भने मुलुकभरका लघु, घरेलु तथा साना उद्योगहरुलाई राष्ट्रिय स्तरमा परिचित गराउनु र उनीहरुबाट उत्पादित वस्तुहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न बजार संजाल निर्माणमा सहयोग पुऱ्याउनुको साथसाथै यस मेलाले मुलुकमा हाल उत्पादित औद्योगिक वस्तुहरुबारे आम उपभोक्तालाई परिचित गराउने र स्वदेशी उत्पादनको प्रयोगमा बढावा दिन प्रोत्साहन गर्ने छ । यसको लक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रेता र विक्रेताहरु वीच व्यवसायिक सम्बन्ध विकास गरी नेपाली उद्योगहरुको प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ ।

अर्कोतर्फ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नवीकरणीय ऊर्जाको वृहत र व्यवसायीक प्रयोगमा जोड दिदै त्यस्ता प्रविधिहरुको व्यापक् र व्यवसायीक प्रयोग वारे जनचेतना वृद्धि गरी हालको ऊर्जा संकटलाई न्युनीकरण गर्न सहयोग गर्ने, देशको आर्थिक विकासको लागि नवीकरणीय ऊर्जालाई मुलधारको ऊर्जाको रुपमा विकास गर्न नीतिगत तहको ध्यनाकर्षण गर्ने तथा नवीकरणीय ऊर्जा प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि गर्न सहयोग गर्ने उद्देश्यका साथ **नवीकरणीय ऊर्जा सप्ताह-२०७०** अन्तर्गतको_**नवीकरणीय ऊर्जा प्रदर्शनी** आयोजना गर्न लागेको हो । केन्द्रले यस किसिमको नवीकरणीय ऊर्जा_सप्ताह र प्रदर्शनी गत वर्ष पनि आयोजना गरेको थियो ।

## **विशिषताहरु**

- स्वदेशमा उत्पादित गुणस्तरीय औद्योगिक वस्तुहरुको प्रदर्शनी तथा व्यापार
- सौर्य ऊर्जा, वायोग्यास, लघु तथा साना जलविद्युत, वायु ऊर्जा, जैविक ऊर्जा जस्ता ऊर्जा प्रविधिहरुको प्रदर्शनी र प्रविधिवारे जानकारी लिन सकिने
- नवीकरणीय ऊर्जा प्रविधि सम्वन्धी अध्ययान अनुसन्धान र काम गर्ने कम्पनी, वैक तथा अन्य वित्तिय संस्थासँग अन्तक्रिया
- नवीकरणीय ऊर्जासंग सम्वन्धी फोटो लगायतका प्रतियोगिता र प्रदर्शनी
- क्रेता र विक्रेता वीच प्रत्यक्ष भेटघाट र खरिद विक्री
- मुलुकभरिका ६० भन्दा बढी जिल्लाका लघु, घरेलु तथा साना उद्यमीहरुको सहभागीता
- महिला उद्यमीहरुको उल्लेख्य सहभागीता
- सस्कृति, धर्म, परम्परा, जनजाती र भूगोल झल्काउने नेपाली उत्पादनहरुको प्रदर्शनी
- उत्कृष्ट प्रदर्शनकर्तालाई पुरस्कार स्वरुप औद्योगिक अध्ययन भ्रमणको व्यवस्था
- सार्क मुलुकको सहभागिता

## **उत्पादनहरु**

- नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिहरु
- जुडिबुटीजन्य, वनमा आधारित तथा कृषिमा आधारित वस्तुहरु
- काठ/ढुङ्गा/धातु कला, सेरामिक्स तथा भाँडाकुँडाहरु
- गलैंचा, राडीपाखी
- अल्लो, लोक्ता, जुट र अन्य परम्परागत तरिकाबाट प्रशोधित प्राकृतिक रेशाद्वारा उत्पादित वस्तुहरु
- उच्च गुणस्तरीय पश्मिनाका वस्तुहरु तथा अन्य उनी कपडाहरु
- नेपाली हाते कागजका वस्तुहरु
- परम्परागत हस्तकलाका सामानहरु
- काठ, बाँस, वेतवाँस आदिबाट निर्मित सजावटका सामानहरु

- फलफूल तथा कृषिमा आधारित खाद्य तथा पेय पदार्थहरु
- उच्च हिमाली तथा पहाडी भेगमा पाइने स्थानीय कच्चा पदार्थमा आधारित वस्तुहरु
- सहायक उद्योगका वस्तुहरु तथा सेवा उद्योगहरु
- शिक्षा, पर्यटन लगायतका सेवा प्रदायक संघसंस्थाहरु
- बैकल्पिक/नविकरणीय ऊर्जा
- अन्य औद्योगिक वस्तुहरु

**लक्षित अवलोकनकर्ता**

- नवीकरणीय ऊर्जा बारे जानकारी लिन ईच्छुक व्याक्तिहरु
- स्वदेशी उत्पादनको खपतलाई बढावा दिने आम उपभोक्ताहरु
- व्यापारी तथा उद्योगपति,
- लघु, घरेलु तथा साना उद्यमीहरु
- बैदेशिक कुटनीतिक नियोगका प्रतिनिधिहरु तथा विदेशी पर्यटकहरु
- निर्यातकर्ता व्यापारी तथा व्यवसायीहरु
- बुद्धिजिवि, सभासद तथा राजनीतिकर्मीहरु
- पेशागत - शिक्षक, विद्यार्थी, कर्मचारी, पत्रकार, वकिल, डाक्टर, इन्जिनियर आदि
- उद्यमशीलता प्रबदर्द्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाहरका विशेषज्ञ तथा प्रतिनिधीहरु

**प्रदर्शनी मितिः**

२०७० माघ २३ देखि २७ गतेसम्म

**स्टल साइज**

३×२ मीटर

३×३ मीटर

३×४ मीटर

**स्टल संख्या**

३४० वटा

**स्टल शुल्क**

| | |
|---|---|
| १. प्राइम स्टल (३×४ मीटर साइज) | रु. ५५,०००।- |
| २. प्राइम स्टल (३×३ मीटर साइज) | रु. ४२, ५००।- |
| ३. संस्थागत स्टल (३×३ मीटर साइज) | रु. ४०,०००।- |
| ४. राष्ट्रियस्तरका उद्योग प्रति स्टल (३×४ मीटर साइज) | रु. ४०,०००।- |
| ५. राष्ट्रियस्तरका उद्योग प्रति स्टल (३×३ मीटर साइज) | रु. ३५,०००।- |
| ६. लघु, घरेलु तथा साना उद्योग स्टल (३×३ मीटर साइज) | रु. ३०,०००।- |
| ७. सार्क | $ ८००। |
| ८. अन्य | $ १००० |

**प्रदर्शनी समय**

समय : विहान १० देखि साँझ ५ बजेसम्म

**स्टल सुविधा**

- टेवुल एक थान र कुर्सी २ थान
- फेसिया लेखाई
- फोहोर फाल्ने टोकरी
- पानी र बिजुली
- सरसफाई
- सुरक्षा
- सहजकर्ता (माग बमोजिम दस्तुर तिरेर उपलव्ध हुने)
- थप टेवुल कर्सीहरु (माग बमोजिम दस्तुर तिरेर उपलव्ध हुने)

**प्रवेश शुल्क**

| | |
|---|---|
| १. विजीनेस आवर (विहान १० – १२ बजेसम्म) | रु. ५० प्रतिव्यक्ति |
| २. नर्मल आवर (दिनको १२ – ५:३० बजेसम्म) | रु. २५ प्रतिव्यक्ति |
| ३. विद्यार्थी (दिनको १२ – ५:३० बजेसम्म) | रु. १५ प्रतिव्यक्ति |

**नोट : नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रदर्शनी क्षेत्रमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ ।**

**आयोजक बारे जानकारी :**

वैकल्पिक नवीकरणीय ऊर्जा क्षेत्रको केन्द्रिय निकायको रुपमा कार्यरत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र नेपालमा नवीकरणीय ऊर्जाका प्रविधिहरुलाई प्रवर्द्धन तथा विकास गर न्यून आय भएका जनताहरुहरुको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जा माथिको निर्भरतालाई कम गर्ने उद्देश्यका साथ वि. स. २०५३ सालमा नेपाल सरकारले गठन गरेका संस्था हो । केन्द्रको स्थापना कालदेखि नै स्वच्छ तथा वातावरण मैत्री ऊर्जा प्रविधिहरुको प्रवर्द्धनको माध्यमबाट विशषेगरी ग्रामीण क्षेत्रका जनताहरुको जीवनस्तरमा सुधार पुऱ्याउने उद्देश्यका साथ क्रियाशील हुँदैं आएको छ । हालसम्म केन्द्र अन्तगर्त लघु जलविद्युतबाट करिब २६ मेगावाट विद्युत उत्पादन भएको छ भने झण्डै ३ लाख घरायसी वायोग्यास प्लान्ट, करिब ४ लाख सौर्य विद्युत प्रणाली र ७ लाख ५० हजार सुधारिएको चुलोको प्रवर्द्धन गरिसकिएको छ । यस्ता नवीकरणीय ऊर्जाका प्रविधिहरु मार्फत् देशका करिव १८ लाख भन्दा बढि घरधुरी लाभान्वित भैसकेका छन् । आगामी ५ वर्षमा नवीकरणीय ऊर्जावाट थप १३ प्रतिशत जनसंख्यालाई विद्युतको पहुँच समेत गरी थप १५ लाख घरपरिवारलाई वैकल्पिक ऊर्जा प्रविधिहरुको सेवा पुऱ्याउन केन्द्र कार्यरत छ । हाल केन्द्र मार्फत नेपाल सरकार तथा विभिन्न अन्तर्राष्ट्रिय दातृनिकायको सहयोगमा **राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम** संचालनमा रहेको छ ।

२०४७ सालमा स्थापना भएको नेपाल घरेलु तथा साना उद्योग महासंघ (FNCSI) लाई औद्योगिक नीति २०६७ ले मुलुकभरका लघु, घरेलु तथा साना उद्योगहरुको छाता संस्थाको रुपमा स्वीकार गरेको छ । हाल देशका ७४ जिल्लामा महासंघका जिल्ला शाखा र संघहरु कार्यरत छन् भने ३५ हजार भन्दा बढी उद्योगहरु महासंघका सदस्य रहेका छन् । मुलुकमा महिलाहरुमा उद्यमशिलताको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले महासंघमा छुट्टै महिला उद्यमी समितिको व्यवस्था गरी ५४ जिल्लामा महिला उद्यमी समितिहरु सक्रिय रहेका छन् जसअन्तर्गत १०,००० भन्दा बढी महिला उद्यमीहरु संगठित भएका छन् । महासंघ अन्तर्गत थप १६ वटा वस्तुगत महासंघ तथा संघहरु संस्थागत सदस्य रहेका छन् ।

लघु, घरेलु तथा साना उद्यमीहरुको व्यवसाय प्रवर्द्धन तथा राज्यमा उद्योगमैत्री वातावरण सृजना गर्न सहजीकरण गर्दै आएको महासंघले औद्योगिक क्षमता बृद्धिका लागि तालिम, कार्यशाला, सेमिनार, अन्तरकृया, औद्योगिक भ्रमण, परामर्श, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनी आदि आयोजना गर्दै आएको छ । लघु, घरेलु तथा साना उद्योगको हकहितको संरक्षण र सम्वर्द्धन गर्नु प्रमुख उद्देश्य रहेको महासंघले सरकारका उद्योगसँग सम्बन्धित विभिन्न नीति निर्माण तहमा रही उद्योग प्रवर्द्धनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

**'हरित अर्थतन्त्र विकासका लागि नवीकरणीय ऊर्जा'**

**"नेपाली वस्तु प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं"**

**मेहनत, सृजना, उत्पादन र बस्तु : मेरै नेपालको**

मेरै नेपालको

**विस्तृत जानकारी तथा स्टल बुकिङ्गका लागि सम्पर्क**


| | | | |
|---|---|---|---|
| | नेपाल सरकार<br>विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय<br>वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र<br>खुमलटार, ललितपुर<br>फोनः ०१ ५५३९३९०, ५५३९३९१, ५५२२८८७, फ्याक्सः ०१ ५५४२३९७<br>ईमेलः info@aepc.gov.np वेवसाईटः www.aepc.gov.np | FNCSI | नेपाल घरेलु तथा साना उद्योग महासंघ<br>पो.व.नं. ६५३०, माइतीघर हाइट, काठमाडौं, नेपाल<br>टेलिफोनः ९७७-१-४२२२७५१, ४२६९८१७, फ्याक्सः ९७७-१-४२१५६०२<br>ई-मेल, fncsi@ntc.net.np, वेवसाइटः www.fncsi.org |